आज मिति २०८२ साल माघ १४ गते बुधबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

उपस्थितिहरु:

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री बुद्धिराम बस्नेत | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

अन्य उपस्थिति

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| २ | विजयकुमार श्रेष्ठ | जिन्सी शाखा प्रमुख | |
| ३ | सविना के.सी. | वरिष्ठ प्रशासन सहायक | |

CS CamScanner

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. हालसम्मको सेवा प्रवाह र विकास निर्माण कार्यको समिक्षा सम्बन्धमा ।
३. ढुङ्गा गिट्टी बालुवाको राजश्व संकलन सम्बन्धमा ।
४. बेलिब्रिज निर्माण सहमती सम्बन्धमा ।
५. क्रसर प्लान्ट सन्चालन अनुमति सम्बन्धमा ।
६. विविध परिपत्र सम्बन्धमा ।
७. आगामी आ.व. २०८३/०८४ का लागि राष्ट्रिय योजना आयोगमा विशेष र समपूरक अनुदानका लागि योजना पेश ग सम्बन्धमा ।
८. सार्वजनिक बिदा सम्बन्धमा ।
९. घाट हेरालु नियुक्ती सम्बन्धमा ।
१०. दशौ गोर्खाली रनिङ कप-२०८२ लाई सहयोग सम्बन्धमा ।
११. उत्कृष्ट कर्मचारी सम्मान सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्ण कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतक विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा धार्चे गाउँपालिका अन्तर्गत विभिन्न घाटहरुबाट दहत्तर बहत्तर शुल्क लिई ढुङ्गा गिट्टी बालुवा बिक्री वितरणको लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षणको आधारमा मिति २०८२/०८/२३ गते पहिलो पटक र मिति २०८२/०९/२८ गते दोस्रो पटक आय ठेक्का आव्हान गरिएकोमा कुनै पनि आवेदन नपरेकोले चालु आ.व.मा विकास निर्माण गर्न आवश्यक ढुङ्गा गिट्टी बालुवा प्रचलित कानुनको अधिनमा रही राजश्व शाखाबाट राजस्व असुल एवं अनुगमन गर्ने व्यवस्था मिलाई बिक्री गर्ने निर्णय गरियो ।
४. प्रस्ताव नं ४ माथि छलफल गर्दा दोभानखोला हाइड्रोपावर लिमिटेडले मिति २०८२/१०/०८ गते बेलिब्रिज निर्माण सहमति माग गरेको पत्र बैठकमा पेश भई छलफल भयो । सो सम्बन्धमा आयोजनाले व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत यसै गाउँपालिका वडा नं. ३ अन्तर्गत पर्ने खोदराङ देखि वडा नं. १ मा पर्ने दोभान तिर आउने झोलुङ्गे पुलको दक्षिणपट्टि करिब ४० टन क्षमताको भारवहन गर्ने बेलिब्रिज निर्माण गरिदिने भनि सहमति माग गरेकोले उक्त क्षेत्रमा बेलिब्रिज अत्यावश्यक रहेकोले सहमति प्रदान गरी आवश्यक समन्वय गर्ने निर्णय गरियो ।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा दोभानखोला हाइड्रोपावर लिमिटेड, यारु हाइड्रोपावर प्रा.लि. र JNSPL/SBPL/DNS Joint Venture ले क्रसर उद्योग सञ्चालन अनुमति पाउँ भनि पेश गरेको निवेदन बैठकमा पेश भई छलफल भयो । सो सम्बन्धमा उक्त आयोजनाहरु राष्ट्रिय गौरवका एवं रुपान्तरकारी आयोजना भएको र पूर्वाधार निर्माण गर्दा आवश्यक ढुङ्गा गिट्टी बालुवा गाउँपालिकाबाट प्रचलित कानुन बमोजिम राजश्व असुल गरी दिदा गाउँपालिकाको आन्तरिक आयमा पनि बढवा हुने देखिएकोले प्रचलित कानूनबमोजिमको मापदण्ड पुरा गरी आयोजना निर्माण अवधिभर मान्य हुने गरि आयोजनाको निर्माण प्रायोजनको लागि मात्र प्रयोग गर्ने र बिक्री वितरण गर्न नपाउने गरी अस्थाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।
६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय पोखराको च.नं. ४२९ मिति २०८२/१०/१२ गतेको निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धी पत्र बैठकमा पेश भई छलफल भयो । सो सम्बन्धमा नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई स्थानीय तहबाट सञ्चालन हुने रु १० लाख भन्दा बढीका आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने नगराउने भनी परिपत्र भई आएकोले यस गाउँकार्यपालिकाको बैठकबाट १० लाख भन्दा बढीका आयोजनाहरु भुधरातलीय अवस्थाले गर्दा ठेक्का प्रक्रियाबाट कार्यान्वयन गर्न कठिन देखिएको र

उपभोक्ता समितिबाट गर्ने भनी निर्णय भएको हुँदा प्राविधिक इस्टिमेट तयार भई सम्झौता भइ कायदिश दिइसकेका बाहेकका आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने नगराउने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा आगामी आ.व. २०८३/०८४ का लागि राष्ट्रिय योजना आयोगमा विशेष अनुदान र समपूरक अनुदानका लागि आयोजनाहरु पेश गर्ने प्रयोजनका लागि देहायका आयोजनाहरु गाउँपालिकाभित्र अत्यावश्यक भएकोले राष्ट्रिय योजना आयोगको सूचना बमोजिमको इस्टिमेट तयार गरि माग गरी पठाउने निर्णय गरियो ।

तपशिल

***विशेषतर्फ***

क.कोल्ड स्टोर- १ करोड

ख.लाक्पाल बस्ती स्थानतरण- १.७ करोड

***सम्पुरकतर्फ***

क.माछिखोला तटबन्धन- ५ करोड

ख.वडा नं. ४ र५ जोड्ने पांदुर बेलीबृज- ५ करोड (३० मि. span)

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा २०८२ साल फागुन १ गते शुक्रबार जनयुद्ध दिवसको अवसरमा गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालय तथा शैक्षिक संस्थाहरु र अन्य कार्यालयहरुमा एक दिन सार्वजनिक विदा दिने र उक्त दिन जनयुद्ध र जनआन्दोलन लगायतमा शाहदत प्राप्त गर्ने विर शहिदहरुको सम्झनामा सरकारी कार्यालय तथा घरघरमा दिपावली गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व.२०८२/०८३ का लागि विभिन्न घाटहरुबाट उत्खनन हुने दहत्तर बहत्तर को कर व्यवस्थित गर्न तथा घाटहरुबाट हुनसक्ने चोरी निकासी नियन्त्रण गर्न घाट हेरालु आवश्यक पर्ने भएकोले फाल्गुन १ गतेदेखि जेष्ठ मसान्तसम्म लागु हुने गरी डोर हाजिरीको आधारमा प्रचलित कानुन बमोजिम भुक्तानी गर्नेगरी तपशिल बमोजिमका घाट हेरालु नियुक्त गर्ने निर्णय गरियो ।

१०.प्रस्ताव नं १० माथि छलफल गर्दा हरमटारी क्लबको आयोजनामा गोरखामा हुन गइरहेको दशौं गोर्खाली रनिङ कप-२०८२ लाई भव्यताका साथ सम्पन्न गर्नको लागि धार्चे गाउँपालिकालाई पनि सहयोग माग भई आएकोले अध्यक्ष सहायता कोषबाट खर्च लेखे गरी रु ५०,०००।- बराबरको रकम आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा मिति २०८२/११/२७ गते गाउँपालिका स्थापना दिवसका दिन कर्मचारीको मनोबल उच्च बनाई नतिजामुखी कार्यसम्पादनको लागि उत्प्रेरित गर्न देहाय बमोजिमको नगद पुरस्कार र सम्मानपत्र द्वारा सम्मान गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम थर | ठेगाना | योगदान | कैफियत |
|---|---|---|---|---|
| १ | गण्डकी मावि | धार्चे २ रुन्चेत | धार्चे गाउँपालिकाबाट SEE परिक्षा २०८१ र समग्रमा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालय | नगद रु ५० हजार सम्मानपत्र र दोसल्ला |
| २. | शुष्मा सिर्मल | गो.न.पा ७ गोरखा | वर्ष उत्कृष्ट शिक्षक-२०८२ | नगद रु १० हजार सम्मानपत्र र दोसल्ला |
| ३. | सुजता गुरुङ | धार्चे २ रुन्चेत | धार्चे गाउँपालिकाबाट SEE परिक्षा २०८१ मा सर्वोत्कृष्ट अंक ल्याई पास गर्ने | नगद रु १० हजार सम्मानपत्र र दोसल्ला |
| ४. | अनिल नेपाली | गो.न.पा ९ गोरखा | वर्ष उत्कृष्ट कर्मचारी २०८२ | नगद रु १० हजार सम्मानपत्र र दोसल्ला |
| ५. | सिमा घले | धार्चे ३ उहिया | बर्ष उत्कृष्ट स्वास्थ्यकर्मी-२०८२ | नगद रु १० हजार सम्मानपत्र र दोसल्ला |

CamScanner

१२.प्रस्ताव नं. १२ माथि छलफल गदा यस गाउँपालिकाको आफ्नो भवन नभएका कारणले भाडाको भवनबाट गाउँपालिकाले दैनिक प्रशासकीय कार्यसम्पादन गरिरहेको अवस्था छ र हाल उक्त घर भाडाको सम्झौता यहि पुस मसान्तमा सकिएको र घरधनिले भाडा वृद्धि गरि थप सम्झौताका लागि निवेदन पेश गरेको हुँदा नियमानुसार बढिमा १० प्रतिशत भाडा वृद्धि गरि आगामी असारमसान्तसम्म भाडा सम्झौताको म्याद थप गर्ने र आवश्यक प्रक्रिया अगाडी बढाउनका लागि कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

आज मिति २०८२ साल फाल्गुन २८ गते बिहिबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरु:**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री बुद्धिराम बस्नेत | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| २ | विजयकुमार श्रेष्ठ | जिन्सी शाखा प्रमुख | |
| ३ | सविना के.सी. | वरिष्ठ प्रशासन सहायक | |
| ४. | चन्द्र गुरुङ | ना.प्र. | |

प्रस्तावहरु:

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. हालसम्मको सेवा प्रवाह र विकास निर्माण कार्यको समिक्षा सम्बन्धमा ।
३. चालु आ.व २०८२/०८३ को हालसम्मको वित्तीय प्रगती सम्बन्धमा ।
४. आ.व. २०८१/०८२ को स्थानीय तह कार्यसम्पादन मुल्याङ्कनको नतिजा सम्बन्धमा।
५. धरौटी फिर्ता सम्बन्धमा ।
६. गा.पा. भवन ठेक्काको पूर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धमा ।
७. घर नक्सा पास/अमिन सम्बन्धमा ।
८. गा.पा.स्तरीय जनप्रतिनिधि तथा कर्मचारी अध्ययन भ्रमण सम्बन्धमा ।
९. करार पदपूर्ति सम्बन्धमा ।

CS CamScanner

हरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ को हालसम्मको तपशिल बमोजिमको अर्धवार्षिक आर्थिक प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा अर्धवार्षिक खर्चको अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

| | विनियोजित रकम (रू.) | खर्च रकम (रू.) | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३५,५३,४८,६१९ | ११७९२२८९५ | ३३.१८% |
| पूँजीगत तर्फ | १६,७२,९०,००० | ६०९८४८५ | ३.६४% |
| जम्मा | ५२,२६,३८६१९ | १२४०२१३८० | २३.७२% |

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सिंहदरबार काठमाडौंले प्रकाशन गरेको आ.व.२०८१/८२ को स्थानीय तहको कार्यसम्पादन मूल्यांकनमा धार्चे गाउँपालिकाले प्राप्त गरेको कुल प्राप्ताङ्क ६३.३३ प्रमुख प्रशासकीय अधिकृत मार्फत बैठकमा पेश भई जानकारी भयो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा आ.व. २०८१/८२ मा उपभोक्ता समितिमार्फत सम्पादन गरिएका योजनाहरुको भुक्तानी गर्दा ५ प्रतिशत रकम धरौटी मार्फत कटाइएको र ६ महिनासम्म बिग्रे भत्केमा सोही धरौटी रकमबाट मर्मतसम्भार गराउने भनी राखिएको धरौटी रकम वडा कार्यालयको मर्मतसम्भार गर्नु नपर्ने भनी सिफारिससाथ आएमा धरौटी रकम फिर्ता गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा कार्यालयबाट ठेक्का नं. DRM/NCB/WORKS/०२/०७७/०७८, CONSTRUCTION OF DHARCHE RURAL MUNICIPALITY OFFICE BUILDING (धार्चे-५, माछिखोला) निर्माणका लागि सम्झौता अनुरुप मिति २०७९।१०।२९ गतेसम्म कार्य सम्पन्न गर्नुपर्नेमा तोकिएको समयभित्र कार्य सम्पन्न नभएकाले विविध कारणले कार्य सम्पन्न हुन नसकि म्याद थप गरिपाउँ भनि पेश गरिएको निवेदन लगायतका आधारमा गाउँ कार्यपालिकाको निर्णय वमोजिम उक्त ठेक्का सम्झौताको म्याद मिति २०८०।११।२९ सम्म मान्य हुने गरि पहिलो पटक, मिति २०८१।११।२९ गतेसम्म मान्य हुने गरि दोस्रो पटक र मिति २०८२।११।२९ गतेसम्म तेस्रो पटक पुनः १ वर्ष म्याद थप गरिएकोमा पटक पटक कार्य सुचारु गर्ने सम्बन्धमा र स्पष्टिकरण पेश गर्ने सम्बन्धमा पत्राचार गर्दा पनि वेवास्ता गरि हालसम्म भवन निर्माणको कार्य सुचारु नभएको र म्याद समेत समाप्त भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४, नियम १२१ "क" वमोजिम दश प्रतिशतमा नबढ्ने गरि प्रति दिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति लगाउने साथै पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम समय अवधिभित्र पनि कार्य सम्पन्न नभएमा खरिद सम्झौता अन्त्य गर्ने र सोको जानकारी प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्माण कम्पनी BKOI-HEMANTA J.V. लाई लेखि पठाउन निर्देशन दिने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ मा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था उल्लेख छ । तथापी धार्चे गाउँपालिका अन्तर्गत विभिन्न स्थानमा बनेका पक्की घरहरु नक्सा पास नगराई अव्यवस्थित तरिकाले बनाउदा शहरीकरण अव्यवस्थित हुन पुगेको र धार्चेबासीहरुले भविष्यमा गर्ने आर्थिक गतिविधिको लागि पनि नक्सापास अनिवार्य भएकोले बनिसकेका घरहरुको अभिलेखिकरण गर्न सूचना आव्हान गर्ने र नयाँ संरचना बनाउदा अनिवार्य रुपमा नक्सा पास गराएर मात्र गर्ने व्यवस्था मिलाउने साथै गाउँपालिकामा भूमि शाखा सञ्चालन गर्न एकजना अमिन आवश्यक पर्ने भएकोले अमिनको लागि विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

CamScanner

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व.२०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम गा.पा.स्तरीय जनप्रतिनिधि तथा कर्मचारी अध्ययन भ्रमण अन्तर्गत धार्चे गाउँपालिका, गोरखाका जनप्रतिनिधि तथा कर्मचारीहरुको टोलीले अन्य स्थानीय तहमा भइरहेका विकास निर्माण, प्रशासनिक सुशासन, तथा स्थानीय स्रोत साधनको परिचालनका क्षेत्रमा भएका नवीनतम कार्यहरुको सिकाई आदान प्रदान गर्ने उदेश्यले पूर्वी नेपालको उत्कृष्ट पालिकाको अध्ययन अवलोकन भ्रमण गरी त्यहाँका असल अभ्यास तथा सुशासन कायम गर्न गरिएका प्रयासहरुको बारेमा प्रत्यक्ष रुपमा अवलोकन गरी यस गाउँपालिकामा पनि सोही बमोजिम अनुसरण गर्नको लागि मिति २०८२/१२/११ गतेदेखि २०८२/१२/१४ गतेसम्म अध्ययन अवलोकन भ्रमण गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा धार्चे गाउँपालिकामा कृषि तथा पशुपालन व्यवसाय दिन प्रतिदिन बढ्दै गएको तथा यस व्यवसायको व्यवसायिकतामा कृषकको संलग्नता दिन प्रतिदिन बढ्दै गईरहेको हालको अवस्थामा र थप सेवा प्रवाह हुने गरि सबै वडामा सेवा प्रवाह हुने गरि, वडामा समेत पशु प्राविधिक कार्यरत रहने गरी सेवा प्रदान गर्न तथा गाउँ पालिकाको समग्र पशुपालन अधिकांश घुम्तिगोठमा आधारित रहेको हुनाले कार्यालयबाट सेवा प्रवाह गर्नका लागि गोठ-गोठमा जानुपर्ने साथै पशु स्वास्थ्य उपचारको लागि दिनहुँ स्वास्थ्य सुधार नहुन्जेल जानुपर्ने तथा माहामारि जन्य रोग फैलिरहेको अवस्थामा त झन् असहज स्थिति सृजना हुने भएकोले धार्चे गाउँपालिकाको पशुसेवालाई मध्यनजर गर्दै २ जना पशुसेवा प्राविधिक सहायक चौथो पदको विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

आज मिति २०८२ साल चैत्र २६ गते बिहिबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरु:**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री बुद्धिराम बस्नेत | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | वलराम श्रेष्ठ | लेखा अधिकृत | |
| २ | सविना के.सी. | वरिष्ठ प्रशासन सहायक | |
| ३ | चन्द्र गुरुङ | कार्यालय सहयोगी | |
| ४. | धन पु. गुरुङ | कम्प्युटर अपरेटर | |

बुद्धिराम बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मण गुरुङ
अध्यक्ष

वहरु:

१. अधिवक्ता त्रिलोक बहादुर चन्द (मुद्दा न. ०८२-MS-००३१) तथा चिरञ्जीविवास गरी समेत (मुद्दा न. ०८२-MS-००३०) समेतले धार्चे गाउँपालिका, गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत, तथा धार्चे गाउपालिका गाउँपालिकाको अध्यक्षलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतबाट अदालतको अपहेलना ( ०८२-MS-००३० र ०८२-MS-००३१) मुद्दाको मिति २०८२।१२।१७ गते म्याद तामेल भएकोमा लिखित जवाफ पेश गर्ने तथा मुद्दाको प्रतिरक्षा गर्ने सम्बन्धमा ।

२. आगामि आ.व.२०८३/०८४ का गण्डकी प्रदेश सरकारमा विशेष र समपुरक अनुदानका लागि योजना पेश गर्ने सम्बन्धमा ।

३. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।

४. हालसम्मको सेवा प्रवाह र विकास निर्माण कार्यको समिक्षा सम्बन्धमा ।

५. अध्ययन अवलोकन भ्रमणको समीक्षा सम्बन्धमा ।

६. विविध कार्यविधि पारित सम्बन्धमा ।

७. भिसी थमन सडक म्याद थप सम्बन्धमा ।

८. विद्यालय लेखापालको तलब वृद्धि सम्बन्धमा ।

९. १ नं. वडा कार्यालयको विजुली वाइरिङको खर्च सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अधिवक्ता त्रिलोक बहादुर चन्द (०८२-MS-००३१) तथा चिरञ्जीविवास गरी समेत (०८२-MS-००३०) समेतले धार्चे गाउँपालिकाको कार्यालय,धार्चे गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत, तथा धार्चे गाउँपालिकाका अध्यक्षलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा दायर भएको अदालतको अपहेलना ( ०८२-MS-००३० र ०८२-MS-००३१) मुद्धाको मिति २०८२।१२।१७ गते सम्मानित सर्वोच्च अदालतबाट म्याद तामेल भएकोमा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम धार्चे गाउँपालिका, गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत, तथा धार्चे गाउँपालिकाका अध्यक्षको तर्फबाट आफै वा आफ्नो प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्ने तथा उक्त मुद्धाको सम्पुर्ण प्रक्रियामा आफै वा वारेश दिई प्रतिरक्षा गर्ने गराउने, कुनै कागजात पेश गर्ने गराउने वा बुझिलिन लगाउने अख्तियारी यसै धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुडलाई दिने निर्णय गरियो।

२. प्रस्ताव नं.२ माथि छलफल गर्दा गण्डकी प्रदेश नीति तथा योजना आयोग पोखरा नेपालको च.नं.१९० मिति २०८०/१२/०४ गतेको विशेष र समपुरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको योजना प्रस्ताव गर्ने सम्वन्धी प्राप्त पत्र वैठकमा पेश भइ जानकारी भयो। सो सम्बन्धमा आगामी आ.व.२०८३/०८४ का लागि तपशिल वमोजिमका आयोजना कार्यक्रमहरुको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशिलः

विशेष अनुदान तर्फ

क.गुम्दा सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण

समपुरक अनुदान तर्फ

क.मेघा विद्यालय होस्टेल ब्लक निर्माण (निरन्तरता)

३. प्रस्ताव नं.३ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वियनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।

४. प्रस्ताव नं.४ माथि छलफल गर्दा चालु आ.व. को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।

५. प्रस्ताव नं.५ माथि छलफल गर्दा आ.व.२०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम गा.पा.स्तरीय जनप्रतिनिधि तथा कर्मचारी अध्ययन भ्रमण अन्तर्गत धार्चे गाउँपालिका, गोरखाका जनप्रतिनिधि तथा कर्मचारीहरुको टोलीले अन्य स्थानीय तहमा भइरहेका विकास निर्माण, प्रशासनिक सुशासन, तथा स्थानीय स्रोत साधनको परिचालनका क्षेत्रमा भएका नवीनतम कार्यहरुको सिकाई आदान प्रदान गर्ने उदेश्यले पूर्वी नेपालको उत्कृष्ट गाउँपालिका कमल गाउँपालिकाको अध्ययन अवलोकन भ्रमण गरी त्यहाँका असल अभ्यास तथा सुशासन कायम गर्न गरिएका प्रयासहरुको बारेमा प्रत्यक्ष रुपमा अवलोकन गरी यस गाउँपालिकामा पनि सोही वमोजिम अनुसरण गर्ने विषयमा समीक्षा गरियो ।

६. प्रस्ताव नं.६ माथि छलफल गर्दा धार्चे गाउँपालिकालाई जातिय समानता तथा छुवाछुत मुक्त पालिका घोषणा गर्न तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न तपशिल बमोजिमको कार्यविधिहरु र कार्यविधिअन्तर्गत गठन हुने समितिहरु सामाजिक शाखामार्फत बैठकमा पेश भई छलफल भयो । सो सम्बन्धमा तपशिल बमोजिमका कार्यविधि र समितिहरु पारित गर्ने निर्णय गरियो ।

कार्यविधिहरु

क.जातीय समानता तथा छुवाछुत मुक्त पालिका घोषणा कार्यविधि,२०८२

ख.मानव बेचविखन तथा ओसारपसार नियन्त्रण समिति(गठन तथा परिचालन) कार्यविधि,२०८२

CS CamScanner

छुवाछुत मुक्त पालिका निर्देशन समिति

१. संयोजक-लक्ष्मण गुरुङ-गाउँपालिका अध्यक्ष
२. सदस्य-रामसिंङ गुरुङ-वडा नं १ वडाअध्यक्ष
३. सदस्य-मित्र सुनार-कार्यपालिका सदस्य
४. सदस्य-किसान गुरुङ-वडा नं ४ वडाध्यक्ष
५. सदस्य-देवी सुनार-कार्यपालिका सदस्य
६. सदस्य-पुनम गुरुङ-
७. सदस्य सचिव-सामाजिक विकास शाखा प्रमुख

छुवाछुत मुक्त पालिका अनुगमन तथा मुल्यांकन समिति

१. संयोजक-सुनिला गुरुङ-गाउँपालिका उपाध्यक्ष
२. सदस्य-सुजना सुनार -वडा सदस्य
३. सदस्य-बसन्त पौडेल-प्रहरी चौकी माछीखोला प्रमुख
४. सदस्य-डेविट सुरैत-न्यायिक सहजकर्ता
५. सदस्य-राज गुरुङ-स्वकिय सचिव

मानव बेचविखन बिरुद्धको धार्चे गाउँपालिका स्तरीय समिति

१. संयोजक-सुनिला गुरुङ- गाउँपालिका उपाध्यक्ष
२. सदस्य-बुद्धिराम बस्नेत-प्रमुख प्रशासकीय अधिकृत
३. सदस्य-किसान गुरुङ- सामाजिक विकास समिति संयोजक
४. सदस्य-अमृत बहादुर घले-स्वास्थ्य शाखा प्रमुख
५. सदस्य-दिपक राना मगर-शिक्षा शाखा प्रमुख
६. सदस्य-डेविट सुरैत-न्यायिक सहजकर्ता
७. सदस्य-बसन्त पौडेल-इलाका प्रहरी कार्यालय प्रमुख
८. सदस्य-सुर्यमान गुरुङ-जनजागृती मावि प्र.अ.
९. सदस्य-कृष्टिना गुरुङ-शिक्षिका
१०.सदस्य-विवर गुरुङ-स्थानीय पत्रकार संघ
११.सदस्य-सचिव-निरु विक-सामाजिक विकास शाखा प्रमुख

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा ठेक्का नं DRM/NCB/WORKS/04/080/081 MACHHIKHOLA-RESE-SINGLA (VC THAMAN MARG) ROAD UPGRADING WORK (धार्चे-५ ,सिङला) निर्माणका लागि मिति २०८०/१२/२१ गते सम्झौता भई मिति २०८२/१२/२७ गतेसम्म सम्पन्न गरिसक्नुपर्नेमा भौगोलिक विकटता निर्माण सामाग्रीको ढुवानीको समस्या लगायत कारणले गर्दा तोकिएको समयमा कार्यसम्पन्न गर्न नसकेकोले म्याद थप गरिदिन भनि मिति २०८२/१२/०५ गते ठेकेदार कम्पनी BISHNU-SANGDEN-HSW-JV ले पत्र पठाएको र म्याद थपको लागि कारण मनासिव देखिन आएकोले आवश्यक प्रक्रिया पूरा गरी १ वर्षको लागि म्याद थप गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा धार्चे गाउँपालिका अन्तर्गत सञ्चालित विभिन्न विद्यालयहरुमा कार्यरत लेखापाल कर्मचारीहरुको तलबमान समायोजन नहुँदा कार्यालय सहयोगीको भन्दा कम तलबमान हुन जाने भन्ने गुनासो आएकोले लेखापाल कर्मचारीहरुले खाईपाई आएको मासिक तलब रु १९५०० ।- मा रु ५०० प्रतिमहिना थप गरी रु २०,००० ।- प्रतिमहिना कायम गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा धार्चे गाउँपालिका वडा नं १ को कार्यालयमा विद्युत वाइरिङ शर्ट भएर समय समयमा विद्युत आपूर्ति अवरुद्ध हुने समस्याले गर्दा वडा कार्यालयबाट प्रवाह हुने दैनिक सेवाहरु प्रभावित हुने देखिएकोले विद्युत वाइरिङ व्यवस्थित गर्न लाग्ने खर्च विविध शिर्षकबाट खर्च लेखे गरी वाइरिङ कार्य गराउने निर्णय गरियो ।

CamScanner

आज मिति २०८३ साल वैशाख २४ गते बिहिबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरु:**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री बुद्धिराम बस्नेत | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र वहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| २ | सबिना के.सी. | वरिष्ठ प्रशासन सहायक | |
| ३ | चन्द्र गुरुङ | कार्यालय सहयोगी | |
| ४. | धन पु. गुरुङ | कम्प्युटर अपरेटर | |

CamScanner

प्रस्तावहरुः

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. हालसम्मको सेवा प्रवाह र विकास निर्माण कार्यको समिक्षा सम्बन्धमा ।
३. सरकारी सार्वजनिक जग्गा संरक्षण गर्ने सम्बन्धी परिपत्र सम्बन्धमा ।
४. आ.व.२०८३/०८४ को बस्तीस्तरबाट योजना तर्जुमा गर्ने सम्बन्धमा ।
५. पद्धति विकास सेवा केन्द्रको कार्यक्रम अनुमोदन सम्बन्धमा ।
६. गण्डकी प्रदेश सरकारसँग योजना माग सम्बन्धमा ।
७. गोरखा होटल संघ,गोरखालाई आर्थिक सहयोग सम्बन्धमा ।
~~८. गैरसरकारी संस्थाको सहयोग लिने सम्बन्धमा~~ ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१३ मा भएको स्थानीय तहको सम्पत्तिको संरक्षण सम्बन्धी व्यवस्था अन्तर्गत ऐ. ऐनको दफा ९७ मा गाउँपालिका तथा नगरपालिका क्षेत्रभित्रको सम्पत्तीको संरक्षण सम्बन्धित गाउँपालिका, नगरपालिकाले गर्नुपर्ने व्यवस्था रहेको तथा ऐ. ऐनको परिच्छेद ३, दफा ११ उपदफा २ खण्ड क (२) (छ) अनुसार सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा गर्ने कार्य स्थानीय सरकारको दायित्व अन्तर्गत रहने कानुनी व्यवस्था रहेको छ। यसै सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४१२ मिति २०८३।०१।१७ गतेको सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने सम्बन्धमा परिपत्र समेत प्राप्त भएको हुनाले यस गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण नगरिदिनुहुन र जोखिम पूर्ण स्थानमा बसोबास नगर्नुहुन सम्पूर्ण गाउँपालिकाबासीहरुलाई सूचित गर्ने यसका साथै यस धार्चे गाउँपालिका भित्र बसोबास गर्ने वास्तविक सुकुम्वासीको पहिचान गरी वास्तविक सुकुंम्वासीको तत्काल अन्यत्र व्यवस्थापन गर्ने योजना निर्माण गरिने बेहोरा अनुरोध गर्दै यस गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गा, नदी/खोलाको बहाव क्षेत्रको जग्गा, ऐलानी, पर्ती जग्गामा अनुमति बिना निर्माण गरिएको संरचनाहरु हटाउने प्रकृया अगाडि बढाउन ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो। सूचनाको अवज्ञा गरी संरचना नहटाएमा प्रचलित कानुन बमोजिम प्रक्रिया अगाडी बढाउने पनि निर्णय गरियो ।
४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि बजेट तथा नीति कार्यक्रम तर्जुमा स्थानीय आवश्यकताको आधारमा गर्नको लागि धार्चे गाउँपालिका अन्तर्गत सबै वडा टोल तथा बस्तीस्तरमा भेला राखी सबै वडाका जनप्रतिनिधिहरुको उपस्थितिमा योजनाको माग संकलन गरी जेष्ठ मसान्तसम्म यस गाउँपालिकाको कार्यालयमा पेश गर्न वडाध्यक्षज्यूहरुलाई निर्देशन दिने निर्णय गरियो ।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको वडा नं ५,६,७ मा विगत सन् २०१६ देखि हाल सम्म एकिकृत सामुदायिक विकास परियोजना र अन्य विशेष कार्यक्रम अन्तर्गत विविध कार्यक्रमहरु सन्चालन गरिरकेको पद्धति विकास सेवा केन्द्र गोरखा नेपालले सन २०२६ अन्तर्गतको प्रस्तावित कार्यक्रम र बजेटहरु कार्यपालिका बैठकबाट अनुमोदन गराईदिन अनुरोध गरेकोमा संस्थाले धार्चे गाउँपालिकाका बालबालिकाको लागि पुर्याएको सहयोग र योगदानको कदर गर्दै सन २०२६ को कार्यक्रम तथा बजेटहरु अनुमोदन गर्ने निर्णय गरियो ।
६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको आर्थिक, सामाजिक एवम मानवीय विकासका लागि आगामी आ.व. २०८३/०८४ मा गण्डकी प्रदेश सरकारमा तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरु पेश/माग गर्ने निर्णय गरियो ।

तपशिल

सडक पूर्वधारतर्फ

१ खोर्ला-खोलबिशी सडक स्तरोन्नती
२ माछिखोला — लामाबेशी — केरौजा सडक स्तरोन्नति

४ लाप्राक — सिङ्ला सडक स्तरोन्नति
५ सिङ्ला — खोर्ला सडक (नयाँ ट्र्याक)
६ रेसे — गुम्दा सडक स्तरोन्नति
७ खानीवेशी — खानीगाउँ यामगाउँ सडक निर्माण -(नयाँ ट्र्याक)
८ सर्जडबेशी-काशीगाउँ सडक स्तरोन्नती
९ भिरकुना सडक स्तरोन्नती

मोटरेबल पुल तर्फ

१० लाप्राक-सिङला-जोड्ने टुकाटुमा मोटरेबल पुल निर्माण
११ लस्मु पादुर (वडा नं. ४ र ५) जोडने मोटरेबल पुल निर्माण
१२ माछीखोला-लामाबेशी जोड्ने मोटरेबल पुल निर्माण
१३ खानीबेशी-सर्जडबेशी जोड्ने मोटरेबल पुल निर्माण

खानेपानी तथा सरसफाई तर्फ

१४ रुन्चेत ढल निकास आयोजना
१५ उहिया ढल निकास आयोजना
१६ यार्सा ढल निकास आयोजना
१७ लापुगाउँ ढल निकास आयोजना
१८ खरिबोट भानुटोल खानेपानी आयोजना (निरन्तरता)
१९ खानीबेशी खानेपानी आयोजना मर्मत सम्भार

वन वातावरण तथा पर्यटन तर्फ

२० नमुना बस्ती लाप्राक नादुर डाँडा पार्क निर्माण
२१ तातोपानी कुण्ड उहिया पार्क निर्माण
२२ उहिया नेसराडछो पथमार्ग निर्माण
२३ थमरा पार्क संरक्षण तथा निर्माण
२४ मञ्जु गुफा देवियान संरक्षण तथा निर्माण
२५ रुन्चेत कालोपोखरी पर्यटन पदमार्ग निर्माण
२६ गणेश हिमाल पथमार्ग निर्माण
२७ धारगाड गोन्दुडाँडा देखि गणेश हिमाल पदमार्ग निर्माण

पूर्वाधार तथा सामाजिक विकास तर्फ

२८ इच्छा आ.वि. घेरावार
२९ बस स्टेसन देखि हुल्चुक सामुदायिक स्वास्थ्य इकाईसम्म ट्रेल निर्माण
३० धार्चे वडा नं १ सभाहल निर्माण
३१ गणेश हिमाल युवा क्लब खेलकुद मैदान निर्माण
३२ नयाँवस्ती खेलकुद मैदान निर्माण

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा गोरखा होटल संघ गोरखाले मिति २०८२/१२/३० गतेदेखि मिति २०८३/०१/०१ गतेसम्म तेस्रो रैथाने खाना तथा सडक महोत्सव-२०८२ सम्पन्न गर्न गाउँपालिकासँग आर्थिक सहयोगको लागि माग गरेकोमा उक्त कार्यक्रमले ऐतिहासिक,धार्मिक,सांस्कृतिक साथै पर्यटन विकासमा टेवा पुर्याउने र गोरखाको स्थानीय उत्पादनको ब्यापार प्रवर्द्धन गर्ने जसमा धार्चे गाउँपालिकाको पनि स्थानीय उत्पादनको प्रवर्द्धन हुने देखिएकोले कार्यक्रम सम्पन्न पश्चात गोरखा होटल संघ गोरखाले पेश गरेको बिल भरपाईको आधारमा रु ५००००।- सम्म रकम भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

CamScanner

आज मिति २०८३ साल जेष्ठ १९ गते मंगलबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

## उपस्थितिहरु:

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री बुद्धिराम बस्नेत | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | Rakesh |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

## अन्य उपस्थिति

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| २ | सविना के.सी. | वरिष्ठ प्रशासन सहायक | |
| ३ | चन्द्र गुरुङ | कार्यालय सहयोगी | |
| ४. [illegible] प्रताप [illegible] | | [illegible] | |

प्रस्तावहरु:

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. हालसम्मको सेवा प्रवाह र विकास निर्माण कार्यको समिक्षा सम्बन्धमा ।
३. सरकारी सार्वजनिक जग्गाको पहिचान सम्बन्धमा ।
४. आ.व.२०८३/०८४ को श्रोत अनुमान र वडा सिलिङ निर्धारण सम्बन्धमा।
५. भूवर्गीकरण त्रुटिको प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।
६. कृषि/पशु शाखावाट वितरण गर्ने अनुदान सम्बन्धमा ।
७. साना तथा लघु जलविद्युत परियोजना नियमन सञ्चालन तथा व्यवस्थापन ऐन तर्जुमा सम्बन्धमा ।
८. चरण खर्क सुधार कार्यक्रम सञ्चालनका लागि क्रियाकलाप छनौट सम्बन्धमा ।
९. गाउँपालिका भवन ठेक्का अन्त्यको प्रक्रिया अगाडी बढाउने सम्बन्धमा
१०. Water Energy development pvt Ltd लाई अस्थायी क्रसर अनुमति प्रदान गर्ने सम्बन्धमा ।
११. जनप्रतिनिधि तथा कर्मचारीलाई टिसर्ट झोला छाता वितरण गर्ने सम्बन्धमा ।
१२. ठाडो भाका संरक्षण तथा प्रवर्द्धन समितिलाई आर्थिक सहयोग सम्बन्धमा ।
१३. आवश्यक औषधी खरिद सम्बन्धमा ।
१४. भेरियसन अर्डर सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८३/०१/२४ गते सरकारी सार्वजनिक जग्गा अतिक्रमण गरि बनाइएका संरचनाहरु खाली गर्न ३५ दिने सूचना जारी गरिएकोमा हालसम्म पनि कोही कसैले खाली गरेको जानकारी प्राप्त नभएकोले सबै वडा कार्यालयहरुले आआफ्नो वडाभित्र रहेका सरकारी सार्वजनिक संरचनाहरु पहिचान गर्ने र सोको सिफारिस प्रमुख प्रशासकीय अधिकृत मार्फत जिल्ला प्रशासन कार्यालय गोरखा र सम्बन्धित निकायमा लेखि पठाउन निर्देशन दिने निर्णय गरियो ।
४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व २०८३/०८४ को संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने प्रक्षेपित अनुमान देहाय बमोजिम प्रमुख प्रशासकीय अधिकृत मार्फत बैठकमा पेश भइ छलफल भयो । साथै आगामी आर्थिक वर्षमा वडा कार्यालयहरुमा विनियोजित हुने बजेटको सिलिङ गत आवकै अनुपातमा वडा सिलिङ तोक्ने निर्णय गरियो ।

तपशिल

- नेपाल सरकार समानीकरण अनुदान-१०,६७,००,००० ।-
- नेपाल सरकार राजस्व बाँडफाँडबाट-१०,६५,२०,००० ।-
- गण्डकी प्रदेश सरकार समानीकरण अनुदान-१,१८,७१,००० ।-
- गण्डकी प्रदेश सरकार राजस्व बाँडफाँड-१,१६,३८,००० ।-

हालसम्म प्राप्त हुने प्रक्षेपित अनुमान-२३,६७,२९,००० ।-

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा भुउपयोग ऐन २०७६ र नियमावली २०७९ को व्यवस्था बमोजिम धार्चे गाउँपालिकाले भूउपयोग क्षेत्र वर्गिकरण गरी सम्वन्धित मालपोत तथा नापी कार्यालयहरुमा पठाइएकोमा केही जग्गाधनीहरुको आफुले भोगचलन गर्दै आएको आवादी जग्गा पनि भूलबस सार्वजनिक क्षेत्रमा वर्गिकरण गरिएको देखिएकोले त्यस्ता त्रुटीहरुलाई सम्वन्धित वडा कार्यालयहरुले संकलन गरी एकमुस्ट गाउँपालिका स्थानीय भूउपयोग समितिमा पेश गर्ने स्थानीय भूउपयोग समितिले त्रुटि संशोधनको लागि प्रदेश भूउपयोग समिति र सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा कृषिको उत्पादनको आधारमा नगद अनुदान र पशुको मासुजन्य उत्पादनको आधारमा नगद अनुदान कार्यक्रम अन्तर्गत मापदण्ड पुगेका सबै कृषकको अनुगमन गर्ने कार्य सम्पन्न भइसकेको हुँदा विनियोजित बजेट २०/२० लाखमा ३/३ लाख अनुगमन मुल्याङ्कन तथा वितरण कार्यक्रम खर्च छुट्टाइ बाँकी रकम सुत्रमा आधारित भई अनुदान वितरण प्रणालीलाई पारदर्शी र उत्पादनमुखी बनाउने र अनुकुल समय मिलाएर सबै कृषकहरुलाई भेला गरी वितरण कार्यक्रम गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ध(३) मा भएको व्यवस्था एक मेगावाटसम्मको जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीती, कानून मापदण्ड योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने अधिकार स्थानीय तहको भएको र धार्चे गाउँपालिकाभित्र पनि साना जलविद्युत आयोजनाहरुलाई नियमन गर्नको लागि कानुन कार्यविधि आवश्यक परेको हुँदा तपशिल बमोजिमका ऐन कार्यविधि कार्यपालिका बैठकमा पेश भई छलफल पश्चात पारित गर्ने निर्णय गरियो ।

तपशिल

- धार्चे गाउँपालिका साना तथा लघु जलविद्युत परियोजना नियमन सञ्चालन तथा व्यवस्थापन ऐन २०८३
- धार्चे गाउँपालिका साना तथा लघु जलविद्युत परियोजना नियमन सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा पशु सेवा शाखा अन्तर्गत चरण खर्क सुधार कार्यक्रम सञ्चालनका लागि सशर्त अनुदानको कार्यविधिमा रहेका विभिन्न क्रियाकलाप अन्तर्गत यसअघि बसेको कार्यपालिका बैठकबाट गोठालालाई खानेपानी पाइप वितरण गर्ने भनि निर्णय भएकोमा खानेपानी पाइप खरिद गर्दा अहिलेको मूल्यबृद्धिले गर्दा जिल्ला दररेटमा खरिद गर्न नसकिएकोले गर्दा हाललाई गोठालालाई गमबुट तथा रेनकोट खरिद गरि सात वटै वडामा समान रुपले वितरण गर्ने र वडा कार्यालयहरुले गोठालाहरुको विवरण संकलन गरी वितरण गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा यस गाउँपालिकाको निर्माणधिन प्रशासनिक भवन ठेक्का नं. DRM/NCB/WORKS/02/077/078, Construction of Dharche Rural Municipality Office Building (धार्चे-५, माछीखोला ) निर्माणका लागि मिति २०७८।०१।०५ गते श्री BKOI-HEMANTA JV चितवनसँग रु. ५,३५,३८,६१७.८५ (Including Vat and PS) रकममा मिति २०७९।१०।२९ सम्म कार्यसम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा तोकिएको म्यादभित्र सम्पन्न हुन नसकी दोस्रो पटक म्याद थप गरि मिति २०८१।११।२९ गतेसम्म सम्पन्न गर्ने म्याद कायम रहेको र तेस्रो पटक मिति २०८२/११/२९ सम्म म्याद कायम रहने गरी म्याद थप गरिएकोमा यसअघि कार्यपालिकाको निर्णयानुसार पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने निर्णय भएकोमा उक्त अवधि पनि समाप्त हुँदै गएको र ठेकेदार कम्पनीले काम गर्ने कुनै तदारुकता नदेखाएको र उक्त अवधिसम्म पनि कार्यसम्पन्न हुने कुनै पनि आधार नदेखिएकोले प्रचलित सार्वजनिक खरिद नियमावली को नियम १२१ग बमोजिम ठेक्का अन्त्य गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा Water Energy development pvt Ltd ले अस्थायी क्रसर अनुमति प्रदान गरिदिन यस कार्यालयमा निवेदन साथ सम्पुर्ण कागजात तथा धरौटी जम्मा गरेको भौचर समेत पेश गरेको हुँदा सम्झौताका सर्तको अधिनमा रहने गरी अस्थायी क्रसर सञ्चालनको लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।

CamScanner

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा गाउँपालिकाका जनप्रतिनिधिहरु, कार्यालय र अन्तर्गत कार्यरत कर्मचारीहरु तथा सामूदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुलाई गाउँपालिकाको विकास निर्माण, सेवा प्रवाह र कार्यसम्पादनलाई थप चुस्त, दुरुस्त, छिटो, छरितो, गुणस्तरीय एवम् प्रभावकारी तुल्याउनका लागि प्रोत्साहन गरि नतिजा तथा उपलब्धि हासिल गर्नका लागि गाउँपालिकाको लोगो अंकित झोला र टिसर्ट तथा वर्षायाममा कार्यालय आवातजावत र फिल्डमा जादा पानी पर्दाका बखत ओडनका लागि छाता एवम् रेनकोट खरिद गरि सभा संचालन खर्च र विविध खर्चबाट भुक्तानी दिने गरि उपलब्ध गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१२.प्रस्ताव नं ६ माथि छलफल गर्दा ठाडो भाका संरक्षण तथा प्रवर्द्धन समिति गोरखा नगरपालिका ६ ले ठाडो भाका संरक्षण संवर्द्धन गर्नका कार्यक्रम गरेको हुँदा संलग्न विल भरपाइको आधारमा रु २५००० सम्म आर्थिक सहयोग गर्ने र भुक्तानीको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

१३.प्रस्ताव नं १३ माथि छलफल गर्दा यस गाउँपालिकाका विभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधि खरिदका लागि संघीय सरकारबाट सशर्त अनुदान तथा गाउँपालिकाको आन्तरिक श्रोतबाट कुल ३२,८७,००० ।- को ठेक्का आव्हान e-bid गरी सारभूत रुपमा प्रभावग्राही न्यूनतम मुल्याङ्कित कम्पनीबाट खरिद गरिएको र विभिन्न स्वास्थ्य संस्थाहरुबाट आवश्यक औषधीको लागि माग फाराम पेश हुन आएकोले बोलपत्रमा बोल कबोल गरिएको मूल्यमा नबढ्ने गरी खरिद प्रक्रिया अगाडी बढाउन खरिद समितिलाई निर्देशन दिने निर्णय गरियो ।

१४.प्रस्ताव नं १४ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको ठेक्का नं DRM/NCB/WORKS/04/2082/083 Construction of Lorje Sindhu Khola Road मिति २०८२/१२/३० गते Bhardwaj Infratech Pvt Ltd सँग सम्झौता भई कायदिश दिइएको र निर्माणाधिन अवस्थामा रहेकोमा निर्माण कम्पनीबाट उक्त साइटमा प्राविधिक इस्टिमेट अनुसार All type of Soil को Quantity भन्दा Hard Rock को Quantity अस्वभाविक आएको र भेरियसन गरिदिन गाउँपालिकामा निवेदन पेश गरेकोले उक्त साइटको स्थलगत अवलोकन/सर्भे गरी भेरियसन प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको तीन सदस्यीय समिति गठन गर्ने र उक्त प्रतिवेदनमाथि आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

तपशिल

क. सनम राई- ईन्जिनियर-संयोजक

ख. बलराम श्रेष्ठ-लेखा अधिकृत- सदस्य

ग. नारायण बहादुर शाही-योजना शाखा प्रमुख-सदस्य सचिव

CS CamScanner

आज मिति २०८३ साल असार ०४ गते बिहिबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरु:**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री बुद्धिराम बस्नेत | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | सुनमाया |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| २ | चन्द्र गुरुङ | कार्यालय सहयोगी | |
| ३ | [illegible] | [illegible] | |

प्रस्तावहरु:

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. हालसम्मको सेवा प्रवाह र विकास निर्माण कार्यको समिक्षा सम्बन्धमा ।
३. आ.व.२०८३/०८४ को श्रोत अनुमान सम्बन्धमा।
४. गाउँपालिकाको प्रशासकीय भवनको ठेक्का सम्झौता अन्त्य सम्बन्धमा ।
५. हुल्चुक सामुदायिक स्वास्थ्य इकाइ भवन ठेक्काको म्याद थप सम्बन्धमा ।
६. मेघा विद्यालय होस्टेल निर्माण ठेक्काको म्याद थप सम्बन्धमा ।
७. न्याउलीझरना ग्लासब्रिज ठेक्काको म्याद थप सम्बन्धमा ।
८. नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) को उत्खनन तथा संकलन बन्द गर्ने सम्बन्धमा ।
९. कटुवालको भत्ता भुक्तानी गर्ने सम्बन्धमा ।
१०. २० औ गाउँसभा सम्बन्धमा ।
११. सडक हेरालु सम्बन्धमा ।
१२. भेरियसन प्रतिवेदन स्वीकृती सम्बन्धमा ।

CamScanner

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आगामी आ.व. २०८३/०८४ को लागि देहायका स्रोतहरुबाट तपशिल बमोजिमको बजेट सिमा प्राप्त भएको हुँदा सोहि बमोजिम कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**आ.व. २०८३/०८४ को अनुमानित आय**

| सि.नं. | स्रोत समूह | अनुमानित आय |
|---|---|---|
| १ | संघीय सरकार, नेपाल सरकार,१३३११-समानिकरण अनुदान, नगद अनुदान | १०,६७,००,००० |
| २. | संघीय सरकार, नेपाल सरकार,१३३१२-शसर्त अनुदान चालु, नगद अनुदान | १८,२६,००,००० |
| ३ | संघीय सरकार, नेपाल सरकार,१३३१३-शसर्त अनुदान पुंजीगत, नगद अनुदान | २०,००,००० |
| ४. | संघीय सरकार, नेपाल सरकार,१३३१७-समपुरक अनुदान पुंजीगत, नगद अनुदान | ८०,००,००० |
| ५ | संघीय सरकार, नेपाल सरकार विशेष अनुदान | ९९,००,००० |
| ६. | राजस्व बाडफाड,राजस्व बाँडफाँड - संघीय सरकार,१००२०-राजस्व बाँडफाँड, नगद | १०,६५,२०,००० |
| ७ | प्रदेश सरकार समानीकरण अनुदान | १,१८,७१,००० |
| ८. | प्रदेश सरकार राजस्व बाँडफाँड | १,१६,३८,००० |
| ९ | प्रदेश सरकार समपुरक अनुदान | ६०,००,००० |
| १०. | प्रदेश सरकार विशेष अनुदान | ४०,००,००० |
| ११ | प्रदेश सरकार सशर्त अनुदान पुंजीगत | ० |
| १२. | बैक मौज्दात/अल्या आ ब २०८२\०८३ | ३,००,००,००० |
| १३ | आन्तरिक श्रोत | १,००,००,००० |
| | कुल जम्मा | ४८,९२,२९,००० |

Page1

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकाको निर्माणधिन प्रशासनिक भवन ठेक्का नं. DRM/NCB/WORKS/02/077/078, Construction of Dharche Rural Municipality Office Building (धार्चे-५, माछीखोला ) निर्माणका लागि मिति २०७८।०१।०५ गते श्री BKOI-HEMANTA JV चितवनसँग रु. ५,३५,३८,६१७.८५ (Including Vat and PS) रकममा मिति २०७९।१०।२९ सम्म कार्यसम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा तोकिएको म्यादभित्र सम्पन्न हुन नसकी दोस्रो पटक म्याद थप गरि मिति २०८१।११।२९ गतेसम्म सम्पन्न गर्ने म्याद कायम रहेको र तेस्रो पटक मिति २०८२/११/२९ सम्म म्याद कायम रहने गरी म्याद थप गरिएकोमा उक्त अवधिमा निर्माण व्यवसायीबाट कार्यसुचारु गर्ने स्रोत साधनको परिचालन गर्ने कुनै पनि तदारुकता नदेखिएकोले यसअघि गाउँ कार्यपालिकाको निर्णयानुसार पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने निर्णय भएकोमा उक्त अवधि पनि समाप्त हुँदै गएको र ठेकेदार कम्पनीले काम गर्ने कुनै तदारुकता नदेखाएको र उक्त अवधिसम्म पनि कार्यसम्पन्न हुने कुनै पनि आधार नदेखिएकोले प्रचलित सार्वजनिक खरिद नियमावली को नियम १२१ग बमोजिम ठेक्का अन्त्य गर्ने प्रक्रिया अगाडी बढाउने भनि मिति २०८३/०२/१९ गते बसेको गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार ठेक्का किन नतोडने स्पष्ट कारण भएमा Revised Work Schedule Plan स्रोत साधन परिचालनको भरपर्दो योजना र स्पष्टिकरण

CamScanner

सहित आधिकारिक प्रतिनिधिहरु यस कार्यालयमा आउनु भनी सूचना प्रकासन गरिएको र उक्त सूचनाले तोकेको अन्तिम समयसम्म पनि आधिकारिक प्रतिनिधिहरु यस कार्यालयको सम्पर्कमा नआएको साथै ३ पटक सम्म पटक पटक म्याद थप गर्दा पनि निर्माण व्यवसायीबाट कार्यप्रगति कत्ति पनि नभएकोले निर्माण व्यवसायीले मिति २०८३/०२/२९ गते म्याद थपको लागि गरेको पत्राचारमा उल्लेखित स्पष्टिकरण र कार्यसूचारु गर्ने भरपर्दो आधार नदेखिएकोले सार्वजनिक खरिद ऐनको दफा ५९(७) र खरिद नियमावली बमोजिम ठेक्का सम्झौता अन्त्य गरी कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्ने र बाँकी कामको मुल्याङकन गरी सरकारी बाँकी सरह सम्बन्धित निर्माण व्यवसायीबाट असुल उपर प्रक्रिया पनि अगाडी बढाउने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा प्रदेश सरकार विशेष अनुदानमार्फत धार्चे गाउँपालिका वडा नं १ हुल्चुकमा हुल्चुक सामुदायिक स्वास्थ्य ईकाइ भवन निर्माण ठेक्का नं DRM/NCB/WORKS/02A/2082/083 निर्माण कम्पनी राजु निर्माण सेवा मनाङ डिस्याङ १ मनाङसँग रु ६३२६०२१.५२ मा मिति २०८२/०९/०७ गते सम्झौता भई मिति २०८३/०२/२९ गते कार्यसम्पन्न गर्नुपर्नेमा निर्माण सामाग्री ढुवानीमा यातायातको सुविधा नहुँदा समयमै निर्माण सामाग्री लिन नसकी तोकिएको अवधिमा कार्यसम्पन्न हुन नसकेको र निर्माण व्यवसायीबाट म्याद थपको लागि खुलाएको कारण मनासिव हुन आएकोले मिति २०८३/०९/२९ गतेसम्म मान्य हुने गरी म्याद थप गर्न निर्माण व्यवसायीलाई आवश्यक ग्यारेन्टीको लागि पत्राचार गर्ने र प्राप्त भएमा म्याद थप गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा नेपाल सरकार संघिय विशेष अनुदानतर्फ श्री प्रभातकिरण मा.वि. धार्चे-७, लापुबेशीको होस्टेल ब्लक निर्माणका लागि कार्यालयको ठेक्का नं. *DRM/NCB/WORKS/01/079/080 Construction of Hostel Block of Mega School (Pravat Kiran Ma.Vi.)* बाट सुनामी एस. ए. जेभि, विदुर न. पा.-७, नुवाकोटसँग मिति २०८०।०२।०४ गते सम्झौता भई पहिलो पटकको म्याद थपले मिति २०८२।०३।१५ गते सम्पन्न गर्ने गरि कायदिश दिई निर्माण कार्य अगाडि बढेकोमा तोकिएको समयभित्र बजेट अभाव लगायतका कारणले गर्दा कार्य सम्पन्न नभएकोले पुन: १ वर्ष म्याद थपका लागि सम्बन्धित निर्माण कम्पनिबाट कार्यालयमा निवेदन पेश हुन आएकोले हालसम्मको कार्यप्रगति समेतलाई मुल्यांकन गरि भवन निर्माण कार्यलाई समयमानै सम्पन्न गर्न साथै कार्यालयलाई थप आर्थिक व्यायभार उत्पन्न नहुने गरि दोस्रो पटक मिति २०८३/०३/१५ गतेसम्म म्याद थप गरिएकोमा उक्त अवधिमा वातावरणीय जोखिम उत्पन्न भई कार्यसम्पन्न हुन नसकेकोले मिति २०८४/०३/१५ गतेसम्म मान्य हुने गरी म्याद थप गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. १६ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको समपुरक अनुदानमा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत यस कार्यालयबाट ठेक्का नं. DRM/NCB/WORKS/02/081/082 CONSTRUCTION OF NYAULI JHARNA CANNONING AND VYAFATARA INFRASTRUCTURE (GLASS BRIDGE STRUCTURE) (धार्चे-७,न्याउली) निर्माणका लागि मिति २०८१।११।१३ गते श्री I.D./Survivour J.V., पेप्सीकोला, काठमाडौंसँग सम्झौता भई मिति २०८२।०२।३० गतेभित्र कार्य सम्पन्न गर्ने गरि कायदिश दिईएकोमा तोकिएको समयावधिभित्र भौगोलिक विकटता र वर्षायामले गर्दा निर्माण सामाग्री निर्माणस्थलसम्म ढुवानी गर्न कठिनाई हुने लगायतका कारणले गर्दा कार्य सम्पन्न नहुने भएकोले ६ महिना म्याद थपका लागि सम्बन्धित निर्माण कम्पनिबाट कार्यालयमा निवेदन पेश हुन आएकोले हालसम्मको कार्यप्रगति समेतलाई मुल्यांकन गरि निर्माण कार्यलाई समयमानै सम्पन्न गर्न साथै कार्यालयलाई थप आर्थिक व्यायभार उत्पन्न नहुने गरि मिति २०८२/०९/३० गतेसम्म पहिलो पटक र मिति २०८३/०२/३० गतेसम्म कायम हुने गरी दोस्रो पटक म्याद थप गरिएकोमा हालसम्म पनि माथि उल्लेखित कारणले गर्दा निर्माण कार्य समयमै सम्पन्न हुन नसकेकोले निर्माण व्यवसायीबाट म्याद थपको लागि प्राप्त पत्रानुसार मिति २०८४/०२/३० गतेसम्म मान्य हुने गरी तेस्रो पटक म्याद थप गर्न आवश्यक बैंक ग्यारेन्टी माग गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकारबाट जारी भएको "ढुंगा गिट्टी वालुवा उत्खनन संकलन क्रसिङ र विक्रिवितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५" को दफा ६ को उपदफा ५ मा ढुंगा, गिटी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन तथा संकलन कार्य असार १ गतेदेखि भाद्र १५ गतेसम्म गर्न पाईने छैन भन्ने प्रावधान उल्लेख रहेकोले सोहि बमोजिम यस गाउँपालिका अन्तर्गत

१२. प्रस्ताव नं १२ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको ठेक्का नं DRM/NCB/WORKS/04/2082/083 Construction of Lorje Sindhu Khola Road मिति २०८२/१२/३० गते Bhardwaj Infratech Pvt Ltd सँग सम्झौता भई कायदिश दिइएको र निर्माणाधिन अवस्थामा रहेकोमा निर्माण कम्पनीबाट उक्त साइटमा प्राविधिक इस्टिमेट अनुसार All type of Soil को Quantity भन्दा Hard Rock को Quantity अस्वभाविक आएको र भेरियसन गरिदिन गाउँपालिकामा निवेदन पेश गरेकोले उक्त साइटको स्थलगत अवलोकन/सर्भे गरी भेरियसन प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको तीन सदस्यीय समिति गठन गर्ने र उक्त प्रतिवेदनमाथि आगामी कार्यपालिका बैठकमा छलफल गर्ने भनी निर्णय भएकोमा मिति २०८२/०२/१९ गतेको कार्यपालिका बैठकको निर्णयानुसार गठित भेरियसन समितिले तपशिल बमोजिमको प्रतिवेदन पेश गरी प्राकृतिक कारणले पूर्वानुमान गर्न नसक्ने अवस्था सिर्जना भई Hard Rock को परिमाण धेरै आएको र उक्त प्रतिवेदन मनासिव देखिएकोले स्वीकृत गर्ने निर्णय गरि भेरियसन आदेश दिने निर्णय गरियो ।

---

**Dharche Rural Municipality**
**Office Of The Municipal Executive**
**Machhikhola, Gorkha**

## Variation Order

**Item Justifications**

Project Name: [illegible]
Location: Dharche-5
Contractor Name- Bhardwaj Infratech Pvt. Ltd.
Contractor ID- [illegible]

| S.N. | Description of works | Unit | Original BoQ Quantity | Total Qty. Up to VO | Difference after VO Qty. | % of Change | Items' Status after Variation | Justification |
|---|---|---|---|---|---|---|---|---|
| A.) Provisional Sum | | Unit | Quantity | | | | | |
| 1 | Insurance : Insurance of works, construction equipments and against accident to workmen including third party insurance | PS | 1.00 | 1.00 | - | 0.00% | | |
| B.) Construction work | | | | | | | | |
| 1 | Roadway Excavation in All types of Soil (BMS) using mechanical means | Cu.M | 15,953.23 | 3,021.47 | (12,931.76) | -81.06% | Decreased | All types of soil is found in low quantity |
| 2 | Roadway Excavation in Ordinary rock using mechanical means | Cu.M | 4,541.25 | 1,609.65 | (2,931.60) | -64.55% | Decreased | Ordinary rock is found in low quantity |
| 3 | Roadway Excavation in hard rock with rock breakers using mechanical means | Cu.M | 1,366.12 | 5,606.01 | 4,239.89 | 310.36% | Increased | Hard Rock is found under surface soil in high quantity and that rock is necessary to open as it make easy for transportation So, hard rock quantity is increased. |

| Submitted By: Contractor Bhardwaj Infratech Pvt. Ltd. | Checked By: | Approved By: |
|---|---|---|

रहेको रेसे खोला तथा बुढीगण्डकी नदिको विभिन्न क्षेत्रभित्रबाट उत्खनन तथा संकलन हुँदै आएको नदिजन्य पदार्थहरु (ढुङ्गा, गिट्टी, बालुवा लगायत) यस वर्षको वर्षायाम लागेसँगै उत्खनन तथा संकलन कार्यमा रोक लगाउने र सो सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस धार्चे गाउँपालिका अन्तर्गतको सम्पुर्ण वडाहरुमा विगत देखिनै प्रचलनमा रहेको कटुवाल प्रथालाई निरन्तरता दिने र पारिश्रामिक वापत मासिक रुपमा रु. १,५००।– (अक्षेरुपी पन्ध्र सय रुपैया मात्र) गाउँ कार्यपालिकाको कार्यालयमार्फत उपलब्ध गराउने यस अगाडिको निर्णय बमोजिम चालु आ.व.का सबै वडा अन्तर्गत कटुवालका रुपमा कार्यरत व्यक्तिहरुलाई वडाको सिफारिसका आधारमा विविध खर्च शिर्षकबाट भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिकाको २० औं गाउँसभा एवम् बजेट सभा तपशिल बमोजिमको मिति, समय र स्थानमा गर्ने गरि आव्हान गर्ने र सो को सूचना/जानकारी सबै गाउँसभाका सदस्यहरुलाई गर्ने/गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिल

मिति :- २०८३।०३।१० गते बुधबार ।

समय :- विहान १०:०० बजे

स्थान :- धार्चे गाउँपालिकाको कभर्डहल, माछिखोला, गोरखा ।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा गर्दा यस धार्चे गाउँपालिका भौगोलिक रुपमा विकट तथा जटिल भूघरातलयुक्त रहेको हुनाले अधिकाशं ग्रामिण कच्चि सडक भएका र वर्षायामको समयमा अविरल वर्षाले गर्दा अधिकाशं सडकहरु भत्किने/बिग्रिने हुँदा तपशिल बमोजिमका सडकहरुमा देहाय अनुसार सडक हेरालु राखि सडकमा बग्ने भेलपानीको व्यवस्थापन गरि सडकलाई सुचारु अवस्थामा राखे व्यवस्था मिलाउने र सडक हेरालुहरुलाई पारिश्रमिक स्वरुप मासिक रु. १०,०००।– का दरले जम्मा ४ महिना (असार, श्रावण, भाद्र र असोज) का लागि उपलब्ध गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

| सि.नं. | सडक खण्डको नाम | सडक हेरालुको नाम | कैफियत |
|---|---|---|---|
| १ | दोभान हुल्चुक सडक | धान सिरिङ गुरुङ | |
| २ | दोभान उहिया सडक | मणिपाल गुरुङ | |
| ३ | खोर्लाबेशी खोर्ला सडक | किसान गुरुङ | |
| ४ | लामाबेशी केरौजा सडक | सिङ बहादुर गुरुङ | |
| ५ | रेसे सिङ्ला सडक | सुरमान गुरुङ | |
| ६ | रेसे गुम्दा सडक | पूर्ण वहादुर गुरुङ | |
| ७ | खानीबेशी खानीगाउँ सडक | राम माया गुरुङ | |
| ८ | लापुबेशी लापु सडक | चित्र बहादुर गुरुङ | |
| ९ | छोटेखोला यार्सा सडक | लोक बहादुर गुरुङ | |
| १० | सबिचौतारा गुप्सीपाखा सडक | महेश गुरुङ | |

CamScanner

आज मिति २०८३ साल असार ०९ गते मंगलबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरुः**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री बुद्धिराम बस्नेत | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | Rakesh |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | सुनमाया |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | जकघले |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| २ | चन्द्र गुरुङ | कार्यालय सहयोगी | |
| ३ | अनिल नेपाली | कृषि शाखा प्रमुख | |
| ४. | केदार कोइराला | निर्देशक, राष्ट्रिय कृषक समूह महासंघ | |
| ५. | महानन्द खापकोटा | महासचिव, राष्ट्रिय कृषक समूह महासंघ | |
| ६. | [illegible] | [illegible] | |

**प्रस्तावहरुः**

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. आगामी आ.व.२०८३/८४ को नीति तथा कार्यक्रम तय गरी सभामा पेश गर्ने सम्बन्धमा।
३. आगामी आ.व.२०८३/८४ को बजेट तयारी गरी सभामा पेश गर्ने सम्बन्धमा ।
४. आर्थिक ऐन २०८३ तयारी गरी सभामा पेश गर्ने सम्बन्धमा ।
५. विनियोजन ऐन २०८३ तयारी गरी सभामा पेश गर्ने सम्बन्धमा ।
६. गाउँपालिकास्तरीय अनुगमन समितिको प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।
७. आ.व. २०८३/०८४ को वार्षिक गा.पा.स्तरीय र वडास्तरीय योजना/आयोजना/कार्यक्रमको छलफल सम्बन्धमा।
८. आ.व. २०८३/०८४ को लागि विषयगत शाखाका योजना/आयोजना/कार्यक्रमको छलफल सम्बन्धमा।
९. बजेट निर्माणमा अतिरिक्त खटिने कर्मचारीलाई आवश्यक प्रोत्साहन भत्ता दिने सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वियन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस धार्चे गाउँपालिकाको आ.व. २०८३/०८४ को लागि बजेट तथा कार्यक्रम तर्जूमा समितिको मिति २०८३।०३।०९ को बैठकले तयार गरी पेश भएको नीति तथा कार्यक्रममाथि आवश्यक संशोधन गरी गाउँसभामा पेश गर्ने गराउने निर्णय सर्वसहमतिले गरियो ।
३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०८३/०८४ को लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०८३।०३।०४ गतेको बैठकले अनुमानित आय र विषय क्षेत्रगत व्ययका रुपमा गरेको सिमा निर्धारणका आधारमा मिति २०८३।०३।०९ गते बसेको बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरि पेश भएको कुल अनुमानित आय जम्मा रु. ४८,९२,२९,०००।–(अक्षेरुपी अडचालिस करोड बयानब्बे लाख उनान्तीस हजार रुपैया मात्र) र कुल अनुमानित व्यय जम्मा रु. ४८,९२,२९,०००।–(अक्षेरुपी अडचालिस करोड बयानब्बे लाख उनान्तीस हजार रुपैया मात्र) सहितको बजेट गाउँसभामा पेश गर्ने गराउने निर्णय सर्वसहमतिले गरियो ।
४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०८३/०८४ को लागि गाउँपालिका र अन्तर्गतका निकायहरुद्वारा उठाउने राजश्वलाई चुस्त, दुरुस्त, पारदर्शी, प्रभावकारी एवम् वैधानिक रुपमा संकलन गर्ने गराउने व्यवस्थाका लागि धार्चे गाउँपालिकाको राजश्व परामर्श समितिको मिति २०८३।०३।०२ गतेको बैठकबाट मस्यौदा तयार गरिएको धार्चे गाउँपालिकाको आर्थिक विधेयक, २०८३ लाई छलफल गरी सुझावहरुसहित गाउँसभामा पेश गर्ने गराउने निर्णय सर्वसहमतिले गरियो ।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०८३/०८४ को लागि चालु खर्च, पूँजीगत खर्च र विषयगत क्षेत्रको रकम सहित कुल अनुमानित आय जम्मा रु. रु. ४८,९२,२९,०००।–(अक्षेरुपी अडचालिस करोड बयानब्बे लाख उनान्तीस हजार रुपैया मात्र) र कुल अनुमानित व्यय जम्मा रु. ४८,९२,२९,०००।–

CS CamScanner

(अक्षेरुपी अडचालिस करोड बयानब्बे लाख उनान्तीस हजार रुपैया मात्र) सहितको धार्चे गाउँपालिकाको विनियोजन विधेयक, २०८३ लाई सुझावसहित गाउँसभामा पेश गर्ने गराउने निर्णय सर्वसहमतिले गरियो ।

६. प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०८३/०८४ को लागि गाउँपालिका तथा सातवटै वडाहरुको लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले प्रदान गरेको बजेट सिलिङ बमोजिम सबै वडाका वडासमितिहरुबाट छनौट भई पेश हुन आएका गाउँपालिका स्तरीय तथा वडा स्तरीय योजना तथा कार्यक्रमहरुलाई मिति २०८३।०३।०८ गतेको विषयगत समितिको बैठकबाट प्राथमिकता निर्धारण भई आएबमोजिम आवश्यक संशोधन सहित बजेटमा समाबेश गर्ने गराउने निर्णय सर्वसहमतिले गरियो ।

७. प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व. २०८३/०८४ को लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले प्रदान गरेको बजेट सिलिङ बमोजिम विभिन्न शाखाहरुबाट पेश हुन आएका योजना तथा कार्यक्रमहरु मिति २०८३।०३।०८ गतेको विषयगत समितिको बैठकबाट प्राथमिकता निर्धारण भई आएबमोजिम आवश्यक संशोधन सहित बजेटमा समाबेश गर्ने निर्णय सर्वसहमतिले गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको आ.व.२०८३/०८४ को बजेट निर्माण गर्ने क्रममा कार्यालय समय बाहेक अतिरिक्त समयमा बजेट प्रस्ताव संकलन नीति तथा कार्यक्रम लेखन विभिन्न विषयगत समितिमा बजेट निर्माण सम्बन्धी विविध प्रस्तावहरुमाथि छलफल गर्न बजेट लेखन हिसाव मिलान तथा गाउँसभाबाट पारित हुने बजेटलाई सुत्र प्रणालीमा प्रविष्ट गर्न अतिरिक्त समय खटिने कर्मचारीलाई एक महिनाको तलब बराबर प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा जिल्ला खेलकुद बिकास समिति गोरखाले मिति २०८२/१०/२४ गते देखि फाल्गुन २ गते सम्म गोरखा १० छेपेटारमा राष्ट्रिय स्तरको प्रथम पृथ्वीनारायण गोल्डकप फुटबल प्रतियोगिता सन्चालन गरी सम्पन्न गरेको र धार्चे गाउँपालिकाले खेलकुद क्षेत्रमा जिल्ला खेलकुद विकास समितिले पुर्याएको योगदानलाई कदर गर्दै सहयोग स्वरुप रु ४०,००० ।- अक्षरुपी रु चालिस हजार सम्म सहयोग गर्ने निर्णय गरियो ।

CamScanner

आज मिति २०८३ साल असार २६ गते शुक्रबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरु:**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री बुद्धिराम बस्नेत | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| २ | असिम गुरुङ | राजस्व शाखा प्रमुख | |
| ३ | चन्द्र गुरुङ | कार्यालय सहयोगी | |

CamScanner